# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड

## एक्सटेन्सन काउन्टर सरावलका लागि घर बहालमा लिने बारे सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/०२/०२)

यस बैंकको शाखा कार्यालय परासीको मातहतमा रहने गरी संचालन हुने एक्सटेन्सन काउन्टर सरावलका लागि तपशिलमा उल्लेखित स्थान भित्र पानी, बत्ती बिजुली, टेलिफोन, पर्याप्त पार्किङ्ग सुविधा, घरको भुईं तल्लामा बैकिङ्ग व्यवसाय संचालन गर्न उपयुक्त सुरक्षा व्यवस्था भएको सरावल गाउपालिकाको कार्यालय देखि ५०० मिटरको दुरीमा मुख्य सडकखण्डमा अवस्थित भवनमा कम्तीमा १ वटा ट्वाइलेट भएको शुरक्षा गार्ड बस्न मिल्ने कोठा समेत भएको सुविधा सम्पन्न २०० बर्गफिट देखि ४०० बर्गफिट सम्मको क्षेत्रफल भएको पक्की घर बहालमा लिनको लागि तपसिलमा उल्लेखित शर्त बमोजिम बैंकको लागि घर भाडामा दिन इच्छुक घर धनीहरुले भाडामा दिन चाहेको घरको चार किल्ला प्रमाण पत्र, घर/जग्गाधनीको प्रमाण पुर्जा, नेपाली नागरिकताको प्रतिलिपि, घरको नक्सा तथा बैंकले उपलब्ध गराएको बोलपत्र फारममा माग भए अनुसारको आवश्यक विवरण भरि यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनको कार्यालय समय भित्र शिलबन्दी बोलपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

| क्र.सं. | शाखा कार्यालय | स्थान |
|---|---|---|
| १ | परासी (मातहतमा रहने गरी संचालन हुने एक्सटेन्सन काउन्टर सरावलको लागि) | सरावल गाउपालिकाको कार्यालय देखि करिव ५०० मिटरको दुरीमा पक्की सडकसंग जोडिएको भवन । |

**अन्य शर्तहरुः**

१) यस बैंकको आम्दानी अन्य (९५०५०६२६०१) हिसाबमा उपरोक्तानुसारको बोलपत्र दस्तुर बापतको रकम रु. ५००/- (पछि फिर्ता नहुने) यस बैंकको कुनै पनि शाखामा जम्मा गरी सो को सक्कल अर्धकट्टी भौचर यस कार्यालयमा पेश गरेपछि बोलपत्र फाराम प्राप्त हुनेछ ।

२) बोलपत्र दिंदा खाम बाहिर ***घर बहालमा दिने बारेको शिलबन्दी बोलपत्र*** भनि स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

३) बोलपत्र साथ संलग्न गरिने आवस्यक कागजातहरुको प्रतिलिपिहरु प्रमाणित गरी/गराई संलग्न गर्नु पर्नेछ ।

४) बोलपत्र अंक र अक्षरमा स्पष्ट लेखिएको हुनुपर्नेछ । केरमेट भएको हुनु हुँदैन । कथम् कदाचित अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । कुनै शर्त राखिएको वा दररेट सम्बन्धि अधुरो रहेको बोलपत्र स्वतः रद्द हुनेछ ।

५) प्राप्त हुन आएका बोलपत्र प्रथम पटक सुचना प्रकाशित भएको मितिले १६ औं दिन (२०८०/०२/१७ गते), दिनको ३:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस बैंकको शाखा कार्यालय परासीमा खोलिने छ । तर प्रतिनिधिहरु अनुपस्थित भएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

६) बोलपत्र दर्ता गर्ने वा खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन उपरोक्त बमोजिमको समयमा नै बोलपत्र दर्ता गर्ने वा खोल्ने कार्य हुनेछ ।

७) म्याद नाघी वा रित नपुगी दर्ता भएको बोलपत्र उपर कुनैं कारवाही हुनेछैन ।

८) घटी वा बढी बोलपत्र स्वीकृत/अस्वीकृत गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने आदि सम्पुर्ण अधिकार यस बैंकमा नै सुरक्षित रहनेछ, सो को कारण प्रकाशमा ल्याइनेछैन ।

९) बोलपत्र स्वीकृत भए पछि सम्बन्धित घर धनीले बैंकले चाहे अनुसारको आवश्यक संरचना परिवर्तन गर्ने कार्य र घरको बीमा स्वयं गर्नु पर्नेछ । सो को लागि थप रकम उपलब्ध गराईने छैन ।

१०) घर बहालको अवधि २ बर्षको हुनेछ ।

११) घर बहाल भुक्तानी दिंदा नेपाल सरकारको नियमानुसार लाग्ने कर अग्रिम रुपमा कटाई बांकि रकम मात्र भुक्तानी हुनेछ ।

१२) घर धनीले करार अवधि भित्र बैंकलाई हटाउन चाहेमा बैंकले निजको घरमा फर्निसिङ्ग गरेको पट्टा सम्पतिको ह्रास कट्टी गरी बांकि रहेको रकम क्षतिपुर्ति स्वरुप घरधनीले बैंकलाई अनिवार्य रुपमा भुक्तानी गर्नु पर्नेछ ।

१३) अन्य शर्त बोलपत्र कागजातमा उल्लेख भए अनुसार नै हुनेछ । यस सम्बन्धमा कुनै कुरा बुझ्न परेमा कार्यालय खुलेको दिन कार्यालय समय भित्र शाखा कार्यालय परासीमा सम्पर्क राखि बुझ्न सकिनेछ ।

१४) बैंकले घर छोड्न चाहेमा करार ऐन बमोजिम घरधनीलाई ३५ (पैतिस) दिनको अग्रिम सूचना दिई बैंकले घर छोड्न सक्नेछ ।

**नोट : यो सूचना बुटवल टुडे राष्ट्रिय दैनिकको मिति २०८०।०२।०२ को पृष्ठ ३ मा प्रकाशित गरिएको छ।**

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईको आफ्नै बैंक

नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त

**राष्ट्रिय वाणिज्य बैंक लि.**
**शाखा कार्यालय, परासी**
**सम्पर्क नं. ०७८-५२०१५५, ५२०१५६**